दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ६४ | बुटवल | २०८१ फागुन १५, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Feb. 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**शिवरात्रिमा घुइँचो :**
शिवरात्रिका अवसरमा शिव मन्दिरहरूमा भक्तजनको धुँइचो लागेको छ। शिवरात्रिमा हिन्दु समुदायले शिव मन्दिरहरूमा पूजा आराधना गरी यो पर्व मनाउँछन् । पाल्पाको सिद्धबाबा मन्दिरमा पूजा गर्न लागेको घुइँचो । *तस्विरः तोया लम्साल / दैनिक लुम्बिनी ।*

# राजस्व छली गर्ने दुईविरुद्ध पाँच करोड बिगो दाबीसहित मुद्दा दायर




**लुम्बिनी संवाददाता**
*बुटवल*

राजस्व अनुसन्धान कार्यालय, बुटवलले नक्कली मदिरा उत्पादनका लागि भन्सार छलेर कच्चा सामग्री ल्याउने दुई जनाविरुद्ध पाँच करोड रुपैयाँभन्दा बढी बिगो दाबीसहित मुद्दा दायर गरेको छ। विदेशी मदिराको प्याकेजिङमा प्रयोग हुने सामग्रीको मूल्य, त्यसको बिगो र बिगोको शतप्रतिशत जरिवानासहित पाँच करोड २१ लाख रुपैयाँ असुलीसहितको मुद्दा मंगलबार दायर गरिएको हो ।

राजस्व अनुसन्धान कार्यालय, बुटवलका प्रमुख विवेक घिमिरेका अनुसार, स्वदेशमा उत्पादन नहुने विदेशी मदिरा डबल ब्ल्याक लेबल, ब्ल्याक लेबल, भ्याट सिक्स्टी नाइनलगायतका मदिरामा प्रयोग हुने बोतल ढक्कन, अन्तःशुल्क स्टिकरसहितका सामग्री बरामद गरेको थियो । ती सामग्री बेलहिया नाका हुँदै ल्याएर काठमाडौं लैजाने क्रममा बरामद गरिएको थियो ।

'नेपालमा उत्पादन नहुने, तर उत्पादनका लागि प्रयोग हुने मदिराका सामग्री बुटवल हुँदै काठमाडौं लैजाने क्रममा बरामद गरिएको थियो ।'-प्रमुख घिमिरेले भने। ती सामग्री सिद्धार्थनगर नगरपालिका-१ बेलहियाका शशांक खनालबाट बरामद गरिएको थियो। उनकै बयानका आधारमा ती सामान काभ्रेपलाञ्चोक चौरीदेउराली गाउँपालिका-४ का रमेश गौतमको भएको पाइएको थियो ।

कार्यालय र विभागसमेत गौतमको काठमाडौंमा रहेको घरमा पनि खानतलासी गरेको थियो । गौतम पक्राउ नपरे पनि भारियाका रूपमा प्रयोग भएका खनाल र सामग्री मगाएर फरार हुने गौतम दुवै जनाविरुद्ध प्रतिव्यक्ति १ करोड ३० लाख २७ हजार २ सय ९० बिगो र त्यसको शतप्रतिशत जरिवानासाहित दुवै जनालाई मुद्दा दायर गरिएको उनले बताए।

खनालले चोरीपैठारी गरेका मालवस्तुको कारोबार गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलगायत राजस्व चुहावटमा अनुसन्धान गर्दा पुष्टि हुन आएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ बमोजिम दुवै जनालाई प्रतिव्यक्ति बिगो १ करोड ३० लाख २७ हजार २९० र बिगोको शतप्रतिशत रकम जरिवानासहित पाँच करोड २१ लाख ९ हजार १ सय ६० र सोही ऐनको दफा २३ को उपदफा १ को ख बमोजिम हदैसम्म कैद सजाय मुद्दा मागदाबी गरिएको छ।

# नवलपरासी घटनामा न्याय पाउनुपर्ने माग



नवलपरासी । पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा मंगलबार भएको घटनाका विषयमा नवलपरासीका संघीय सांसद तथा पूर्व कानुन मन्त्री धुब्रबहादुर प्रधानले घटनाको निस्पक्ष छानविन गरी दोषीलाई कारबाही र पीडित पक्षलाई न्याय दिनु पर्ने माग गरेका छन् ।

बुधबार आफ्नो गृह जिल्ला आएका पूर्वमन्त्री प्रधान बुधबार घटनास्थलमा पुगी मृतकका परिवारलाई भेट गरेका छन् । सांसद समेत रहेका प्रधानले मृतकमा बाबु नरेश धोविलाई उनकै घरमा गएर आफूले घटनाको यर्थात् छानबिन गर्न लगाई दोषीलाई कारबाही गर्ने बताएका हुन् ।

पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ३ मा मंगलबार भएको घटनामा एक कवाड गोदाम र नेपाल प्रहरीको एउटा गाडी जलेरको थियो । पाल्ही नन्दनको बेलासपुरमा गत सोमबार साँझ प्रेम सम्बन्ध राखेका केटा पक्ष र केटी पक्षकाबिच मंगलबार भएको झडपमा परि पाल्हीनन्दन ३ का ३५ वर्षीय विजय धवलको उपचारको क्रममा मृत्यृ भएको हो ।

नवलपरासी पश्चिम प्रहरीले घटनामा संलग्न अन्य ६ जनालाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेमा मोहरम पहरीयाँका छोरा सोभरति पहरीयाँ पनि रहेका छन् । मंगलबार आफ्नो घर अगाडि जम्मा भएको स्थानीयमाथि उनले अन्धाधुन्ध चलाएको कारण गाडीको ठक्करबाट ३५ वर्षीय विजय धवलको उपचारको क्रममा मृत्यृ भएको हो । मंगलबार भएको घटनामा प्रहरी र स्थानीय गरी २० जना घाइते भएका थिए । मंगलबारको घटना घटेपछि गाउँमा स्थानीयमा त्रास रहेको छ ।

स्थानीयले मोहरमका कारण घटना भएको बताएका छन् । केटा पक्ष र केटी पक्षबिचको झगडा तीन पटकसम्म बसेर मीलापत्र भएकोमा सोमबार मोहरम पक्षले केटा पक्षका व्यक्तिलाई कुटपीट गरेपछि घटनाले उग्ररुप लिएको थियो ।

मंगलबार बिहान केटा पक्षका केही ब्यक्ति महरमको घरमा गएर सोमवास भएको कुटपीटको बिषयमा कुरा गर्दा मोहरमका छोरा सोभरतिले एका,एक गाडी ल्याएर उक्त स्थानमा रहेका माथि गाडी चलाएपछि घटनाले झन उग्ररुप लिएको स्थानीयले बताएका छन् ।

मंगलबार भएको घटनापछि थप घटना हुन नदिन घटनास्थलमा अझैं पनि नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षा दिएको छ । प्रेम सम्बन्ध भएका केटा र केटी भने अहिले नेपालमा नभएको स्थानीयको भनाइ छ ।

# अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको उपाधि म्यानमारलाई

बुटवल । १३औं फाइनल खेलिरहेको नेपाली महिला फुटबल यसपटक पनि अभागी सावित भएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनल खेलमा नेपालले म्यानमारसँग २-० गोलको हार बेहोऱ्यो ।

खेलमा प्रभावशाली प्रदर्शन गरिरहेको नेपाल ६२औं मिनेटमा गोल खाँदै पछि परेको थियो। दोस्रो मिनेटमै अर्को गोल बेहोरेपछि नेपाल उपाधिको खडेरी तोडेर उपाधिको इतिहास रच्ने मौका गुमाउन बाध्य भयो।

नेपालको यो १३औं फाइनल खेल थियो। नेपाली महिला टिमको नेतृत्व गरेका कोच राजेन्द्र तामाङ्ले पनि लगातार तेस्रो फाइनलमा हारको सामना गरे । उनको नेतृत्वमा नेपाली राष्ट्रिय महिला टिमले बुधबार तेस्रो फाइनल खेलेको थियो ।

म्यानमारले अग्रता लिनुपूर्व नेपालले उसको गोलपोष्टमा करिब दर्जनपटक आक्रमण गरेको थियो। गोलका केही निश्चित अवसरमा ट्राइकरहरू चुक्दा नेपाल निराश बन्न पुग्यो ।

# स्नूकर खेल के हो ? बुटवल महाकुम्भ हेर्दा थाहा हुन्छ



**टिआर शर्मा**
*बुटवल*

इन्डोर गेम भएकाले धेरैलाई स्नूकरबारे थाहा नहुन सक्छ । स्नूकर खेलको नाम सुनेकालाई पनि यो कस्तो खेल हो ? कसरी खेलिन्छ भन्ने यथार्थ जानकारी नहुन सक्छ। अन्तर्राष्ट्रियस्तरमा स्नूकर खेललाई निकै प्रतिष्ठित र स्तरीय खेल मानिन्छ । तर नेपालमा भने अझैं ओझेलमै छ।

बरु कतिपयले स्नूकर खेल खेल्नेहरुलाई नकारात्मक दृष्टिले हेर्ने र गलत धारणा बनाएर लाञ्छना लगाउने गरेको पनि पाइन्छ। तर यो खेल सुटेड बुटेड भएर शान्त वातावरणमा खेलिने जेन्टल (भद्र) खेल हो भन्ने कमैलाई थाहा छ। यही स्नूकरको महाकुम्भ मेला फागुन १२ देखि बुटवल अमरपथको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नूकर क्लबमा जारी छ।

सर्वाधिक पुरस्कार राशीको प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीप प्रतियोगितामा देशका प्रमुख शहरबाट एक से एक चर्चित र कुशल खेलाडीहरु बुटवल आइरहेका छन्। फागुन २१ गतेसम्म चल्ने यो खेलको प्रतियोगिता निःशुल्क हेर्न पाइने आयोजकले व्यवस्था गरेका छन् ।

'हालसम्मकै सर्वाधिक तीन लाख पुरस्कार राशी भएकाले पनि यो प्रतियोगितामा देशभरिका राम्रा खेलाडीको सहभागिता छ, खेल निःशुल्क हेर्न पाइने व्यवस्था गरेका छौं, त्यसैले यो प्रतियोगिता स्नूकर खेल नबुझेकालाई बुझ्ने मौका र अवसर हो, एकपटक यो प्रतियोगिता अवलोकन गरेपछि स्नूकर खेलका बारेमा भएका गलत धारणा सकारात्मकमा बदलिन्छन्,' नेपाल विलियर्डस स्नूकर तथा पुल संघ रुपन्देहीका अध्यक्ष सुजन पुनले भने-'यो प्रतियोगिताले रुपन्देहीलाई खेल पर्यटनका माध्यमबाट पनि चिनाउन टेवा पुग्ने छ।'

सरकारले यो खेललाई चिनेर अन्य खेलमा जस्तै लगानी गर्ने हो भने क्रिकेट भन्दा लोकप्रिय बनाउन सकिने अध्यक्ष पुनको आत्मविश्वास छ।

नेपाल विलियर्डस स्नुकर तथा पुल संघका केन्द्रीय अध्यक्ष सरोजकुमार मुल्मीले नेपालमा स्नुकर खेलको इतिहासमै बुटवलको प्रतियोगिता सर्वाधिक पुरस्कार राशिको महाकुम्भ प्रतियोगिता भएकाले यसले स्नुकर खेलको उचाई थप माथि पुऱ्याउने बताए । श्रीलंकामा सम्पन्न सागस्तरीय प्रतियोगितामा नेपाललाई पहिलो पदक दिलाउन सफल नेपालकै सर्वोत्कृष्ट स्नूकर खेलाडी बुटवलका रेगन श्रेष्ठले बुटवलमा राष्ट्रियस्तरको र सबैभन्दा धेरै पुरस्कार राशीको प्रतियोगिता आयोजनाले खेलाडीमा उत्साह थपिएको बताए। बिगतमा काठमाडौंमा मात्रै हुँदै आएको राष्ट्रियस्तरको प्रतियोगिता बुटवलमा हुन थालेको भन्दै उनले यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा महत्त्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे ।

'रुपन्देही स्नूकर खेलको उर्बर भूमि हो भन्दा फरक पर्दैन,त्यसैले यहाँ राष्ट्रियस्तरका प्रतियोगिता जरुरी थियो, जुन यसपटक सम्भव भयो, यसले खेलाडी उत्पादन र प्रोत्साहन संगै रुपन्देहीको उचाई माथि पुराएको छ।'-श्रेष्ठले भने ।

बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष महेशमान सिंहले राष्ट्रियस्तरको स्नुकर खेल बुटवल हुँदा यहाँको अर्थतन्त्र समेत चलायमान भएको उल्लेख गरे ।

संघका पूर्व अध्यक्ष हाल बेलायतमा रहेका हरि क्षेत्री(भूपेन्द्र)ले विगतमा स्नुकर खेलाडीलाई प्रहरी प्रशासनले स्नुकर हाउसमै पुगेर गिरफ्तार र दुर्व्यवहार गर्ने गरेको स्मरण गर्दै मिडियाको साथले यो खेललाई हेर्ने दृष्टिकोण र खेलको विकासमा महत्वपूर्ण योगदान पुगेको बताए । उनले बुटवलमा राष्ट्रियस्तरको प्रतियोगिता गर्न सफल भएको भन्दै पचास हजार रुपैयाँ सहयोग गरेका छन् ।

नेपाल बिलियर्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देही र खस्यौली स्नूकर क्लबको आयोजनामा सञ्चालित प्रतियोगितामा देशका प्रमुख शहरबाट १२८ जना खेलाडीले प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उपविजेताले १ लाख १ हजार रुपैयाँ र हाइएस्ट ब्रेकरले ५५ हजार तथा सेमिफाइनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०/३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नूकर स्टिकबाट पुरस्कृत गरिने खेल संयोजक शिशिर गुरुङले बताए। स्नूकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगिताले बुटवलको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने आयोजकको विश्वास छ।

**५० खेल सकिए**

प्रतियोगिताको तेस्रो दिनसम्म ५० खेलहरु सकिएका छन् । उद्घाटनको दिनमा १० खेल, दोस्रो दिन २० र तेस्रो दिन बुधबार २० खेलहरु सकिएसँगै ५० खेल सकिएको खेल संयोजक गुरुङले जानकारी दिए । बिहीबार बिहान १० बजेदेखि ५ वटा टेबलमा एकसाथ ५ खेल हुँदैछन् । अरु ५ खेल दिउँसो १२ बजे, थप ५ खेल ३ बजे र अरु ५ खेल ५ बजे सुरु हुने खेल संयोजक शिशिर गुरुङले जानकारी दिए।



# सम्पादकीय

## आक्रोशले निम्त्याएको विनाश

युवा-युवतीको प्रेम सम्बन्धलाई लिएर झडप हुँदा नवलपरासी सुस्ता बर्दघाट पश्चिमको पाल्हीनन्दन गाउँपालिका-३ बेलासपुरमा एकजनाको मृत्यु भएको छ । अन्य डेढ दर्जन घाइते हुनुको साथै प्रहरीको गाडी र स्थानीय एक व्यवसायीको कवाड गोदाममा आगजनी भएको छ ।

युवा युवतीले प्रेम गरे, विवाह गरे । त्यही विषयमा दुई समुदायबिच द्वन्द्व बढ्यो, झडप भयो । जे नहुनुपर्ने थियो, त्यही भयो । समाजमा सामान्य विषयमा आक्रोश चुलिएर झडप हुने र प्रहरीले बल प्रयोग गर्नुपर्ने स्थिति निम्तिनु सामान्य होइन् । दुई पक्षबिच छलफल गरी समस्या समाधान गर्न सकिने र असमझदारीलाई समझदारीमा ल्याउन सकिने स्थिति हुँदाहुँदै स्थिति झड्कियो । प्रहरीले अश्रुग्याँस र हवाई फायर गऱ्यो । सामान्य विवादमा व्यवसायीको कवाड गोदाम र प्रहरी गाडीमा आगजनी गरेर जुन अमर्यादित र अशोभनीय व्यवहार प्रदर्शन गरियो, यो व्यवहार सभ्य समाजका लागि राम्रो होइन । प्रहरीले आगजनी गर्ने चार महिलासहित पाँच जनालाई पक्राउ गरेको छ । गाडीमा आगजनी र प्रहरीलाई ढुङ्गा प्रहार गर्दा समेत प्रहरी संयमित भएको देखिन्छ । बरू गाडीमा आगजनी हुने बित्तिकै पुगेको दमकल र एम्बुलेन्स बाटैबाट फर्केर कमजोरी गरेका छन् । बेलैमा पुगेको भए आगजनीबाट क्षति कम हुन्थ्यो ।

समाजमा युवायुवतीबिच प्रेम सम्बन्ध भएपछि विवाह हुने विषय आधुनिक समाजका लागि सामान्य हो । युवायुवतीबिचको सम्बन्ध उनीहरुको निजी विषय हो । यही विषयलाई लिएर दुई समुदायबिच द्वन्द्व श्रृजना गर्नु असामान्य हो । यस्तो द्वन्द्वले सामाजिक सद्भाव खल्बलिन्छ ।

अब खल्बलिएको सामाजिक सद्भावलाई पहिलेकै अवस्थामा ल्याउन पहल हुनुपर्छ । यो कामको नेतृत्व स्थानीय सरकारले गर्न सक्छ ।

स्थानीय तहका जनप्रतिनिधिले समाजमा भएको असमझदारीलाई समझदारीमा ल्याउन सक्छन् । अहिलेको असमझदारीलाई बेवास्ता गर्दा झनै जोखिम बढ्न सक्छ । समाजमा शान्ति सुरक्षाको चुनौती बढ्ने हुँदा स्थानीय प्रशासन र प्रहरीले पनि सहजीकरण गर्न सक्छन् । अब संभावित जोखिमको आँकलन गरी द्वन्द्व व्यवस्थापनमा लाग्न ढिलाइ गर्न हुन्न ।

# देशको अवस्था र अबको बाटो



बालकृष्ण मैनाली

विश्वका विशिष्ट व्यक्तिहरु त्यसै विश्वविख्यात भएका होइनन् भन्ने कुरा यहाँ ईंगित गरिरहनुपर्दैन । देश र जनताप्रतिको सेवाभावना र त्यागले नै मानवजीवनलाई महान् बनाउँछ । वर्तमानमा करिब दुई-अढाइ वर्ष बाँकी रहेको प्रधानमन्त्रीत्व पदलाई यो मार्गबाट अवलम्बन गर्ने प्रयासमा सरिक हुन सक्नुभो भने कम्तीमा जानी नजानी आफ्नो तर्फबाट हुन गएको गल्तीको प्रायश्चित्त गरिएको ठहरिनेछ ।

घरदेखि समाज, समाजदेखि राष्ट्र र राष्ट्रदेखि विश्वसम्म नै सम्पूर्ण मानवको बाँच्ने आधार भनेको प्रकृतिले प्रदान गरेका केही विधि र जनजनको सहयोगमा राज्यसत्ताले निर्माण गरी स्थापित गरिदिएका विधिहरु नै हुन् ।

समय र कालअनुसार दुवै विधि एकैचोटि वा फरक-फरक समयमा परिवर्तन हुन सक्छ । तर प्रकृतिले प्रदान गरेको प्रायः अपरिवर्तनीय हुन्छ । अपरिवर्तनीय नियममा किञ्चित तल-माथि नगरीकन पालना गर्न सक्यो भने मानवले बाँचुन्जेल खासै कष्ट व्यहोर्नुपर्दैन ।

कथंकदाचित जानेर वा नजानेर त्यो विधिलाई मानवले तोड्ने प्रयास गऱ्यो भने मानवअंगले दुःख पाइछाड्छ । यस कुरामा कतै विमति छैन । सामान्य उदाहरणका लागि प्रकृतिले पाँच ज्ञानेन्द्रियहरु मानवलाई प्रदान गरेको छ, जसमध्ये नाक र मुख पनि हो । प्रकृतिले नाक र मुखको विधि तोकिदिएको छ, जसमध्ये नाकको एउटा महत्वपूर्ण कार्य श्वास लिनु र फाल्नु हो भने मुखका कामहरुमध्ये एउटा भोक लागेको बेलामा वा आवश्यकताअनुसार अन्न ग्रहण गर्नु हो अनि आफ्नो भनाइ बोलेर व्यक्त गर्नु हो ।

यदि मानवले प्रकृतिको विधिलाई मिचेर कानबाटै अन्न ग्रहण गरी आफनो भोक-प्यास मेट्ने प्रयास गऱ्यो भने के होला ? अथवा नाक र मुख दुवैलाई बन्द गरिदियो भने मानव कति अवधिसम्म जीवित रहला ? पक्कै हो यदि कुनै मानवले यस्तो कार्य गर्छ भने त्यो मानवको अंगले दुःख पाउँछ-पाँउछ वा जीवन परित्याग गर्ने अवस्थामा पुग्छ ।

त्यस्तै देशलाई सुखी-समृद्धि बनाउन चालिने थुप्रै आधारमध्ये विधिको शासनलाई एउटा महत्वपूर्ण आधार मानिन्छ । सुखी परिवार वा सुखी समाजको आधार पनि त्यही नै हो । किनकि कहीँ न कहीँ विधिको आवश्यकता हुन्छ नै, विधिलाई नाघ्नासाथ त्यहाँ समस्या पैदा भइहाल्छ । प्रत्येक देशको शासन व्यवस्था पनि त्यस्तै हो । विधिअनुसार देशलाई अगाडि बढाउन सक्यो भने देशका जनताले आफ्नो अधिकार उपभोग गर्दै आ-आफ्नो कर्तव्य निर्वाह गर्ने जमर्को गर्दछन् । यदि देशलाई विधिभन्दा बाहिर गएर आफूखुशी हाँक्न खोजिन्छ र प्रयास गरिन्छ भने जनताले आफ्नो कर्तव्य निभाउन बिर्सन्छन्, जसको परिणति सुखद हुन सक्दैन ।

प्रायः जनजन विभिन्न विपत्तिमार्फत अर्थात् प्राकृतिक विपत्तिदेखि लिएर सरकारको नीतिगत विपत्तिका कारणले हैरान खेपिरहेको तथ्य लुकेको छैन । यस्ता विपत्तिहरुबाट जनजनले कहिले छुटकारा पाउने हो ? कुनै टुंगो छैन । देशमा बेलाबेलामा देखा परिरहने यस्ता समस्यालाई सार्थकरुपमा छोटोभन्दा छोटो अवधिमा कसरी सम्बोधन गरेर पार पाउने भनी लागिपर्नुको सट्टा स्वार्थकेन्द्रित विषयलाई जहिले पनि प्राथमिकतामा पारेको देख्दा जनजन आत्तिन पुगेका छन् ।

पछिल्लोपटक सञ्चारमा छाएका विभिन्न समाचारहरुले माथि उल्लिखित कुराहरुलाई शतप्रतिशत प्रतिनिधित्व गरिरहेका छन् । यो वा त्यो नाउँमा दुई तिहाइको दम्भले कहिल्यै नथाकेका राजनीतिक व्यवसायीहरुभित्रको आन्तरिक कचिङ्गल र आफ्नो गुटगत स्वार्थको लागि भइरहने कामले कहिल्यै विश्राम पाएन । देशमा वर्तमान संविधान लागू भइसकेपछि पनि पटक-पटकका सरकारले संवैधानिक दुरुपयोगको प्रयासलाई निम्त्याउने गरिरहेका छन् । विभिन्न अध्यादेश ल्याउने र खारेज गर्ने प्रयोजनमा पनि संवैधानिक धाराहरु दुरुपयोगको रुपमा सलबलाइरहेका छन् ।

पटक-पटक हुने र भइरहने यस्ता कार्यहरुले गर्दा संविधानका सबै धाराहरुमा प्रत्यक्ष, अप्रत्यक्ष असर पर्ने गरेको छ । संविधानका सबै धाराहरु निष्क्रियको अवस्थाबाट गुज्रिन बाध्य हुन पुगेका छन् । सत्ताका शासकहरुले बेलाबेलामा चालिने गैरसंवैधानिक कार्यले संविधानका प्रायः सबै जनहितकारी धाराहरु ओझेलमा पर्दै गएको जनजनमा अनुभूति हुन पुगेको धेरै समय व्यतीत भइसकेको छ ।

सत्तामा पुग्नेहरुलाई जनहितको लागि केही तत्काल कार्य गर्नुपर्ने अवस्था सिर्जना भएमा उक्त प्रयोजनको लागि संविधानमा केही खुकुलो धाराहरुको व्यवस्था गरिएको हुन्छ । हो, हाम्रो संविधानमा पनि धारा ११४ एउटा खुकुलो धारा हो । कुनै पनि खुकुलो धारालाई आफ्नो सीमित स्वार्थको लागि प्रयोग गरिनुहुँदैन । देशको विडम्बना नै मान्नुपर्दछ, पटक-पटक सत्तामा पुग्ने राजनीतिक व्यवसायीहरुले यो वा त्यो नाउँमा खुकुलो र विशेष परिस्थितिमा प्रयोग गरिनुपर्ने धारालाई आफ्ना लहडबाजीको रुपमा प्रयोग गरिने कार्यले तीव्रता पाउँदै गयो । कुनै पनि शासकले संविधानको खुकुलो धारा प्रयोग गर्दा संवैधानिक मर्ममाथि प्रहार हुन जान्छ कि भनेर सदैव सचेत हुनुपर्दथ्यो । विडम्बना, यस किसिमको कुरा राज्य सञ्चालन गर्ने नेतृत्वहरुको प्राथमिकतामा कहिल्यै पर्न सकेन ।

देशका हाम्रा राजनीतिक व्यवसायीहरुले आ-आफ्ना स्वार्थरुपी चरित्रहरु प्रदर्शन गर्ने प्रक्रियाहरुको अन्त्य हुनै सकेको छैन । पछिल्लो सार्वजनिक भएको विभिन्न समाचारहरुले यसै कुरालाई प्रतिनिधित्व गर्दछ । अहिले एकातिर पेस भएको अध्यादेशको समाचारले देश गर्माएको छ । अध्यादेश ल्याउनुको औचित्य ठीक भए वा नभएको बारेमा सत्तासीन दलहरु एमाले र कांग्रेसभित्रै एक-अर्कालाई व्यङ्ग्यात्मक प्रहार गर्ने कार्य शुरु गर्न थालिसकेका छन् ।

कोही अध्यादेशको औचित्य नरहेको कुरालाई प्रथिमकता दिन्छन् भने कोही अध्यादेशका आवश्यकतालाई प्राथमिकता दिन्छन् । कोही अध्यादेशलाई पारित गर्ने बहानामा सत्ताको भऱ्याङ चढ्न आतुर छन् भने कोही यही विषयलाई लिएर प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएर बाटो सहज पारिदिन ङ्यारङ्यारसमेत गर्ने गरेका छन् । सरकार र नागरिकहरुको सम्बन्ध नङ र मासुको जस्तो हुनै पर्दछ ।

यस्तो सम्बन्ध कायम रहन सक्यो भने सरकारलाई पीडा हुँदा नागरिकलाई पनि पीडा हुन्छ र नागरिकलाई पीडा हुँदा सरकारलाई पनि पीडा हुन्छ । सामाजिक सञ्जालमा गरिएको पोस्ट र राज्यमा यता केही समयदेखि देखिन थालेका जनजनका आवाजहरुदेखि लिएर दैनिक तथा साप्ताहिक समाचारपत्रहरुमा सार्वजनिक भएका प्रतिनिधि समाचारहरुले राज्य अझै नागरिकसँग टाढिएको नै अनुभूति गराएको छ ।

'नेपालमा झन् बढ्यो भ्रष्टाचार', 'विभिन्न भ्रष्टाचारका मुद्दाहरु पनि फिर्ता लिन सकिने प्रावधान राख्ने प्रयास', 'प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण लुकाउन थालियो', 'विनोद चौधरीलाई सातखत माफ', '५२ विवादित संवैधानिक नियुक्तिको विषयमा चार वर्षपछि १२ औँ पेसीमा सुनुवाइ शुरु', 'संसद् विघटनको विपक्षमा गए प्रधानन्यायाधीश हुन नदिने धम्की', 'चल्न सक्ने मुद्दाहरु पनि नचल्नेको सूचीमा समावेश' आदि शीर्षकका समाचारहरुले देशमा प्रतिनिधित्व गरिरहेका छन् ।

एउटा विगतको सत्य के हो भने, मतदानको माध्यमबाट जनजनले मत दिएर सरकार गठनमा जसरी सहयोग पुऱ्याउने कार्य गरे, दलीयरुपमा गठन हुने कुनै पनि सरकारलाई नागरिक सरकारकै रुपमा ग्रहण गर्ने गरी पठाएका थिए । जो-जो व्यक्ति सरकारमा सहभागी भए पनि व्यक्तिलाई गौण ठानी समुच्चरुपमा देशमा नागरिक सरकार छ भन्ने कुराको जनजनले अनुभूति लिने प्रयत्न गरेका थिए ।

विडम्बना, विभिन्न मितिमा संविधानसभादेखि लिएर स्थानीय निकाय र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसक्दा पनि दलीय नेतृत्वहरुले सुझबुझरुपमा देशको शासन सत्ता सञ्चालन गर्न असफल नै रहे । आजसम्मको सरकारी कार्यको नतिजाको प्रतिशतलाई अध्ययन गर्दा देशमा नागरिक सरकार छ भन्ने कुराको अनुभूति दिन असफल रहेको विज्ञहरुको ठम्याइ छ ।

यस अर्थमा वर्तमान प्रधानमन्त्री वा अन्य कुनै पनि दलको प्रधानमन्त्री भए पनि, संविधानको धारा ७८ अनुसार प्रधानमन्त्रीले आफ्नै नेतृत्वमा स्वतन्त्र विज्ञहरुलाई आह्वान गरी नागरिक सरकारको गठन गर्ने कार्यलाई प्राथमिकता दिएर विज्ञहरुकै सल्लाहअनुसार भ्रष्टाचार नियन्त्रण गर्न कठोरतापूर्वक लागिनपरीकन देश शुद्धीकरणतिर अगाडि बढ्न सक्दैन । यसमा जुनसुकै दल प्रतिपक्षीको रुपमा देखिए पनि सम्बन्धित राजनीतिक दलले असहमति देखाउनुको साटो त्यस किसिमको सरकार गठनमा सहयोग गरेर भूमिका खेलेमा सबै राजनीतिक दलहरुको सुझबुझको जनजनले तारिफ गर्नेछन् ।

सर्वप्रथम जुनसुकै दलको प्रधानमन्त्री भए पनि तिनले कम्तीमा एक सय एकजना विज्ञहरुको सूची बनाउन अनिवार्य हुन्छ । ती विज्ञहरु स्वतन्त्र नागरिकहरुको हैसियतमा रहेका समाजसेवी, अधिकारवादी, डाक्टर, कानुनविद्, सामाजिक अभियन्ता प्रशासक, व्यवस्थापक कृषिविज्ञ, अर्थविज्ञ, रोजगारविज्ञ, उद्योगी, परराष्ट्रविद्, द्वन्द्वविज्ञ, न्यायविद्, सञ्चारविद्, भूमिविज्ञ, जलस्रोतविज्ञ, वैज्ञानिकलगायत अन्य विशिष्ट व्यक्तिहरु जो यस कठिन घडीमा राष्ट्रलाई सहयोग गर्न तत्परता देखाउँछन् र देखाएका छन्, तिनीहरुको सूची बनाई उनीहरुसँग तत्काल छलफल चलाउनुपर्दछ ।

छलपलपश्चात् आवश्यक पर्ने विज्ञहरुलाई यथास्थानमा नियुक्ति गरी जिम्मेवारी सुम्पिने कार्य हुन सक्यो भने देशले वर्तमान समस्यालाई सम्बोधन गर्न थप बल पुग्ने सम्भावनामा अभिवृद्धि हुन जान्छ । यति काम हुन सक्यो भने जो जुनसुकै दलको प्रधानमन्त्री भए पनि त्यस किसिमको सरकारलाई जनताको साथ प्राप्त भइरहनेछ । कथंकदाचित वा कुनै कारणबाट विज्ञहरु सम्मिलित सरकारको प्रधानमन्त्रीलाई हटाउने कहीँ कतैबाट कुत्सित प्रयास हुन पुग्यो भने पनि जनता ढाल भएर अगाडि उभिनेछन् ।

वर्तमान प्रधानमन्त्रीले नै यो आँट प्रदर्शन गर्न सक्नुभो र तत्पश्चात् पनि कुनै स्वदेशी वा विदेशी शक्तिले षड्यन्त्रमूलक तरिकाले उहाँलाई हटाइएमा पनि उहाँको नाम अमर रहिरहनेछ र जटिल परिस्थितिमा नागरिक सरकारको गठनमार्फत समस्या सम्बोधनको शुरुवात गर्ने देशको प्रथम प्रधानमन्त्रीको रुपमा उहाँको नाम इतिहासमा पनि लेखिनेछ ।

विश्वका विशिष्ट व्यक्तिहरु त्यसै विश्वविख्यात भएका होइनन् भन्ने कुरा यहाँ इंगित गरिरहनुपर्दैन । देश र जनताप्रतिको सेवाभावना र त्यागले नै मानवजीवनलाई महान् बनाउँछ । वर्तमानमा करिब दुई-अढाइ वर्ष बाँकी रहेको प्रधानमन्त्रीत्व पदलाई यो मार्गबाट अवलम्बन गर्ने प्रयासमा सरिक हुन सक्नुभो भने कम्तीमा जानी नजानी आफ्नो तर्फबाट हुन गएको गल्तीको प्रायश्चित्त गरिएको ठहरिनेछ ।

समाचारपत्रबाट


## Siyari Rural Municipality
## Office of The Rural Municipal Executive
**Harniya , Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation for Online Bids

First Date of publication: 27-02-2025 (2081/11/15)

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the Procurement of following works under National Competitive (NCB) bidding procedure :

| S.N | Invitation for Bid No. | Description of Work | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 23/NCB/WORK/ SRM/2081-082 | Expansion of Dayanagar Danav Lift Irrigation Project. | 90,000.00/ 120 days | 2820784.47 | 3,000.00 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Admimistrative Officer**

कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी (ब.सु.पु.), गण्डकी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आब्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८१/११/१५**

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१२/१७ दिनको १२ बजे

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार तल उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु लगायतको कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्युनतम बोलकबोल रकम (अग्रिम आयकर र VAT बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 21/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerungekhola<br>a) Highway dakshin khanda- kha,<br>b) Hhighway uttars saughari khanda- ka<br>c) Highway uttarsi shaughari khanda-kha | १६,६७,१९१.६८ | १,५०,०४,७२५.१२ | कबोल अंकको ५% रकम (VAT सहित को रकमको) | ५,०००/- |
| २ | 22/REV/ KM/2081 /82 | Extraction of River Bed Material FromKerunge khola<br>a) Shivabastikhanda-kha<br>b) Hasaurakhanda-kha,<br>c) HasaurakhandaGa | २१,०४३१०.८८ | १,८९,३८,७९७.९२ | कबोल अंकको५% रकम (VAT सहितको रकमको) | ५,०००/- |
| ३ | 23/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerunge khola<br>a) Hattikhorkhanda-Ka<br>b) Hattikhorkhanda-Kha<br>c) Hattikhorkhanda-Ga | २६,१९,५४० | २,३५,७५,८६० | कबोल अंकको५% रकम (VAT सहितको रकमको) | ५,०००/- |
| ४ | 24/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerungekhola<br>a)Hattikhorkhanda-Gha<br>b)Hattikhorkhanda-Nga | २७,७८,३०० | २,५०,०४,७०० | कबोल अंकको५% रकम (VAT सहितको रकमको) | ५,०००/- |
| ५ | 25/REV/ KM/2081 /82 | Extraction of River Bed Material From LokahaKhola<br>a)Uttar khanda | ९२,६१० | ८,३३,४९० | कबोल अंकको ५% रकम (VAT सहितको रकमको) | ५,०००/- |

बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www bolpatra.gov.np बाट आय ठेक्का सम्बन्धी शर्तहरु हेर्न, बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । थप जानकारी www.kawasotimum.gov.np, www.bolpatra.gov.np/egp र ९८४७३५६७९५ बाट प्राप्त गर्न सकिनेछ ।

# श्री ७ मननारायण मन्दिर पुनर्निर्माणको काम छिटो गर्न माग

**प्रतिमा गौतम**

*बुटवल*

आफ्नो मनको आस्थाको रुपमा रहेको ऐतिहासिक मन्दिरको लथालिङ्ग भएको अवस्था देख्दा वडा नम्बर १, नीम चोक निवासी केशव लाल श्रेष्ठ उदास छन् । आफ्नै घर अगाडि रहेको श्री ७ मन नारायण मन्दिर तीन वर्षदेखि अलपत्र परेको भन्दै श्रेष्ठले दुःख व्यक्त गरेका छन् । हाल श्री ७ मन नारायण मन्दिर नम्बर १, नीम चोकको पुरातत्व विभागले पुनः निर्माण गर्ने भन्दै भत्काएर अलपत्र अवस्थामा राखेको देख्दा श्रेष्ठ मात्र होइन मन्दिर प्रति आस्था राख्ने जो कोहीको पनि मन खिन्न भएको छ।

विक्रम सम्वत् १८६४ साके सम्बत् १०२४ मा पनि देशभक्त बुटवल निवासी फौज्दार मणिराज मास्केद्वारा तत्कालीन अमरसिंह थापा पाल्पाको तैनाथवाला रहेका अवस्थामा बटौलीमा मन्दिरको स्थापना गरी १ सय ६२ विघा जमिन बुटवलबाट दक्षिणमा पर्ने विनायकपुरमा गुठी जग्गाको व्यवस्था गरेको उपलव्ध लालमोहरमा उल्लेख रहेको मन्दिर यत्तिबेला संरक्षण पर्खाइमा रहेको छ । मन्दिर परिसरमा रहेको शिलालेखमा समेत सो कुरा उल्लेख गरिएको छ । उनै मनीराजले पाल्पाको अमर नारायण मन्दिरभन्दा अगावै सो मन्दिर स्थापना गरी भविष्यमा यसको निरन्तता होस भनेर प्रशस्त जग्गा र सम्पती गुठीको नाममा राखिदिएका थिए भन्ने इतिहास रहेको छ।

त्यस्तै बुटवल १ निवासी तृष्णा श्रेष्ठलाई पनि भत्किएको मन्दिरको दुर्दशा देख्दा पुरै दिन भरिनै मनभरि पीडा भैरहने बताउँछिन् । पहिला यहाँ राम नवमी, चैते दशैं, कृष्ण जात्रा, जनै पुर्णेको दिन एकदम ठूलो मेला लाग्थ्यो यहाँ हजारौं हजारको संख्यामा भक्तजनहरु पूजा गर्न आउने, देउतालाई भोग लगाउने सबैले प्रसादहरु ग्रहण गर्ने हुन्थ्यो ।

'अब अहिले त्यो विस्तारै विस्तार सबै लोप हुन लाइसक्यो,' उनले भनिन् -'पहिलाको जस्तो थियो त्यस्तै ढाँचामा त्योभन्दा राम्रो बनाउने भनेर भत्काउनु भएको छ, अब जतिसक्दो चाँडै बनाएर राम्रो गरेर यहाँका सबै बासिन्दाले राम्रोसँग पूजा गर्न पाए हुन्थ्यो, देउताहरुको क्षमापूजा गरेर राम्रै होस् भनेर यता सार्नुभयो अब यता मन्दिरमा जस्तो संरक्षण भएजस्तो भैं लाग्दैन ।' श्री ७ मन नारायण मन्दिर पुरातत्व विभागले निर्माण गर्ने भनेको भए पनि निर्माण कार्यमा ढिलाइ भएको स्थानीयको गुनासो रहेको छ।

त्यस्तै भैरव नारायण टोल समितिको अध्यक्ष देवी सिमांगैदाले मन्दिर संरक्षणमा जोड दिन सबै आग्रह गरिन। 'हामीले पटकपटक नगरपालिकामा गएर पनि गुनासो गरेका छौं । मन्दिरका पुराना देवीदेवता दानपत्र पनि पटकपटक चोरी भएको छ । सुरक्षा छैन यसमा ध्यान जान आवश्यक छ,' उनले भनिन् -'मन्दिर भत्कदा आफ्नै घर भत्किए जस्तै भएको छ। ३ वर्ष अगाडि पुनः निर्माणमा प्रयोग भएका काठहरु पनि बिग्रिने अवस्था आइसकेको छ।'

गुठी संस्थान तथा पुरातत्व विभागमा सूचीकृत भएको श्री ७ मन नारायण मन्दिरका लागि आर्थिक वर्ष ०७८/७९ मा पुरातत्व विभागबाट १२ लाख बजेट छुट्याइ पुनर्निर्माण काम सुरु गरिएको थियो । आर्थिक वर्ष ०७९/८० मा ३० लाख बजेट छुट्याइ मन्दिरको पुनर्निर्माणको काम गर्न मन्दिर भत्काइएको थियो। मन्दिरको जग खनेर केही काम शुरु गरिए पनि काम पूरा हुन सकेको छैन। त्यस्तै पुनर्निर्माणमा प्रयोग गरिएका काठ समेत बिग्रन थालेका छन् । आर्थिक वर्ष ०८०/८१ मा पुरातत्व विभागबाट १० लाख बजेट छुट्याएको भए पनि काम शुरु हुन सकेको छैन।

श्री ७ मन नारायण मन्दिरका सचिव आनन्द भगत श्रेष्ठले मन्दिरको पुनर्निर्माणको कामको जिम्मा पुरातत्व विभागले ल्याएकोले मन्दिर व्यवस्थापन समितिले चाहेर पनि केहि गर्न नसकेको बताए । मन्दिरको दैनिक पूजाआजा, आरती, भजन तथा अन्य नियमित कार्य पनि समितिले व्यक्तिगत रुपमा रकम उठाएर गरेका छौं। कृष्ण जन्माष्टमीका दिन जागराम बसि भोली पल्ट नारायणको रथ यात्राबाट बजार परिक्रमा गरी मनाउँदै आइएको सचिव श्रेष्ठले जानकारी दिए।

१० देखि १२ लाख प्रत्येक वर्ष मालपोत कार्यालय बुटवलबाट गुठी संस्थानमा गएको भए पनि मन्दिर व्यवस्थापनका लागि कुनै रकम नआएको सचिव श्रेष्ठको दाबी रहेको छ।

'पुरातत्व विभागमा सूचीकृत भएको मन्दिरमा पटकपटक चोरी भएको छ । मन्दिरका बहुमूल्य धातु जोगाउन गाह्रो भएको छ। हामी आफूलाई दुःख लागेको छ, मन्दिरको सम्पूर्ण संरक्षणका लागि कमचारी नै राखे पनि मन्दिर त्यो सुरक्षा दिन सकेका छैनौं । मन्दिर भत्काएको पनि ३ वर्ष भएको छ। सम्बन्धित पक्षले काम छिटो सके हुने थियो ।'- श्रेष्ठले भने ।

यो सम्पदाका साथै बटौली बजार, जितगढी र फूलबारी क्षेत्र र यहाँ रहेका इतिहास र संस्कृतिका जीवन्त सम्पदाहरुको संरक्षण र प्रवर्द्धनकालागि तत्काल कदम चाल्न जरुरी छ। साथै यस क्षेत्रलाई विशेष सांस्कृतिक वा सम्पदायुक्त क्षेत्र घोषणा गरी गुरुयोजना निर्माण गर्ने कार्य अगाडि बढाउन जरुरी रहेको इतिहासका अध्येता देवेन्द्रराज शाक्यले बताए।

बुटवलको सम्पूर्ण ऐतिहासिक, पुरातात्विक धार्मिक धरोहरहरु बहुमूल्य छन्, यसको संरक्षण सम्बद्धनमा अगाडी बढ्यौं भने वीर पुर्खाहरुको बलिदानले नेपाललाई अविछिन्न, स्वतन्त्र र पूर्ण सार्वभौमिक राष्ट्रको रुपमा विश्व सामु चिनाउने र बुटवलले अझैं बढि लाभ लिन सक्ने बटौली बचाउँ संरक्षण अभियानका संयोजक रवीन्द्रप्रसाद लाकौलको भनाइ रहेको छ।

गुठियार केशर मास्केले मन्दिरलाई पहिले कै बिरासत जोखिने गरी काम गर्न लागेको उनले बताए। 'यत्ति पुरानो मन्दिर सञ्चालन गर्न राज्यले उदासिनता देखाउन हुँदैन,' मास्केले भने-'हामीले मन्दिरको एक पैसा पनि खाएका छैनौं ।'

इतिहास युद्धमा लड्नेहरुको मात्र नभएर पृष्ठभागमा रहेर लडाई जित्न मद्दत गर्ने सर्वसाधारणा एवं रणनीतिकारहरु तथा मननारायण जस्ता व्यक्तिको पनि लेखिनु मास्केको तर्क रहेको छ।

बि.सं १८७१ र ७२ को नेपाल अंग्रेज युद्धका समयमा कर्णेल उजिरसिंहका नागरिककातर्फबाट सारथीको भूमिकामा मनिराज मास्के रहेको लेखक वा इतिहासका अध्येता झपेन्द्र जिसीको भनाइ रहेको छ।

बि.सं १८७१ र ७२ को नेपाल अंग्रेज युद्धमा विजय प्राप्त गरेपछि कर्णेल उजिर सिंहले श्री ७ मननारायण मन्दिरबाट मननारायणको रथ बजारभरी परिकर्मा गराउन, नित्य पूजा आजा गर्न, भण्डारा लगाउन, मन्दिर र मन्दिर परिसरका पार्टीपौवा निर्माण गर्ने संस्कृतिको विकास भएको उनले जानकारी दिए।

मनीराजद्वारा बटौलीमा बसेर व्यापारका साथै सेनाकालागि आवश्यक रसदपानीको व्यवस्था मिलाउने, बटौली बजारको सुरक्षा व्यवस्था र नेपाली सेनाका लागि पाल्पा गौंडाका प्रशासक एवं काठमाडौंका प्रशासकहरुलाई सूचना उपलव्ध गराउने मात्र होइन भारतको सिमासम्म नेपाली सूचना संयन्त्र निर्माण गरी प्रभावकारी र प्रभावशाली कार्य गरेको देखिन्छ।

यस्तो इतिहाससँग प्रत्यक्ष जोडिएको मन्दिरको प्रचार प्रसारमा स्थानीय तहले पनि झकझकाउने काम गर्नु पर्ने जिसीको तर्क रहेको छ। बुटवल उप-महानगरपालिका वडा नम्बर १ का वडाध्यक्ष नरेन्द्र बस्नेतले पुरातत्व विभागका महानिर्देशकलाई भेटेर श्री ७ मन नारायण मन्दिर पुनर्निर्माणको काम छिटो अगाडि बढाउन आफूले आग्रह गरेको लिखित निवेदन पेश गरेको बताए।

गुठी सम्वद्ध सम्पदाको अस्तित्व लोप हुन नदिन आस्था, विश्वास र सोसँग जोडिएको इतिहास र संस्कृति पनि जागाउन आफूले पहल गरेको अध्यक्ष बस्नेतको भनाइ रहेको छ।

बुटवल उप-महानगरपालिकाअन्तर्गत पुरानो बटौली क्षेत्रमा मात्र पुराना ३०/३५ वटा मन्दिरले बुटवलको इतिहासलाई जोगाएर राख्ने काम गरेका छन् । यी गुठी संस्थान तथा पुरातत्व विभाग मा सूचीकृत भएको श्री ७ मननारायण मन्दिर जस्ता मन्दिरहरुको उचित संरक्षण प्रचारप्रसारको आवस्यकता रहेको स्थानीयको भनाइ रहेको छ।

# भैरहवामा पैगामे हक कान्फ्रेन्स हुने

भैरहवा । रुपन्देहीको ओमसतिया गाउँपालिका-४, बालापुरमा रहेको दारुल उलूम कादरिया अहले सुन्नत शमसुल उलूमले ८औं दीक्षान्त कार्यक्रम बिहीबार गर्दैछ।

भैरहवाको डाँडागाउँस्थित युनिक बैंक्वेटमा छात्राहरुको जश्ने रिदाए फजीलत (दीक्षान्त) कै अवसर पारेर धार्मिक सम्मेलन (पैगामे हक कान्फ्रेन्स) गर्न लागिएको हो ।

२०६६ सालमा स्थापित मदरसामा करिब ४ सय विद्यार्थीहरु अध्ययनरत रहेका छन् । कक्षा १२ सम्म अध्यापन हुने मदरसामा यस वर्ष अध्ययन पूरा गरेकी १४ जना छात्राको दीक्षान्त गर्न लागिएको मदरसाका अध्यक्ष मुख्तार अहमदले जानकारी दिए । बिहान ९ बजेबाट छात्राहरुको दीक्षान्त कार्यक्रम गरिने छ भने साँझदेखि मध्यरातसम्म धार्मिक प्रवचन गरिने उनले बताए ।

दीक्षान्त कार्यक्रम चन्द्रौटा मदरसाकी गुरु सविना सिद्दीका अम्जदीको समुपस्थितिमा हुनेछ भने साँझको प्रवचनमा प्रमुख वक्ताको रुपमा भारतको पूर्णिमा विहारका धर्मगुरु मुफती डाक्टर शहरेयार रजा कादरीले सहित विभिन्न तह र अतिथि वल्माहरुबाट प्रवचन हुनेछ ।

सम्मेलनमा शायरे इस्लाम सरफराज नुरी, ओल्माएकराम, एजाज तशरीफलगायतको उपस्थित रहने उनले बताए। अध्यक्ष मुक्तारले सम्मेलनमा सहभागी हुनेको जीवनमा राम्रो प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन् ।

कार्यक्रममा धार्मिक शिक्षामा योगदान पुऱ्याएका विद्वानहरूलाई सम्मान गर्ने र धार्मिक ज्ञानको प्रचारप्रसार गर्दै युवाहरूलाई सही मार्गनिर्देशन दिनु रहेको छ। नेपाल सरकारले हाललाई कक्षा ८ सम्मको मात्र स्वीकृति दिए पनि यस मदरसामा कक्षा १ देखि १२ सम्मको अध्ययन भइरहेको छ ।

आयोजकका अनुसार कार्यक्रममा करिब ३ हजारभन्दा बढी सहभागी हुने अनुमान गरिएको छ । कार्यक्रममा सबै इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूलाई उपस्थित भई धार्मिक पुण्य (सवाबे दारैन) प्राप्त गर्न आग्रह गरिएको छ।


## Gandaki ProvincialGovernment
### Ministry of Physical Infrastructure Development and Transport Management
### Infrastructure Development Directorate

# Infrastructure Development Office

**Nawalaparasi (Bardaghat Susta East)**

# Invitation for Bids

Date of publication: 2081-11-15 BS

Infrastructure Development Office, Nawalparasi (BardaghatSusta East) invites online bidsonlyunder e-procurement system from eligible bidders for the construction of Projects mentioned below underNational Competitive Bidding/Sealed EnvelopeSingle Stage Single Envelopeprocedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Last date of bid submission | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Bhadauri sandanda kami danda adghargijan danda fulmandi danda sadak nirman, Bulightar | IDO-NAW(BSE)-W-NCB-37-2081/82(re) | 25,33,081.01 | 3000 | 2081-12-03 12:00 PM | 70,000 |
| 2 | SPM tol eIlaka Praharikaralya dekhi Woda no 5 ko simana samma dubaitarfa dhalbal bebasthapan sahid sadak maramt tatha Namaste marga starunnati , Gaindakot 2 | IDO-NAW(BSE)-W -NCB-39-2081/82(re) | 25,33,612.48 | 3000 | 2081-12-03 12:00 PM | 65,000 |
| 3 | Birendra Aadharbhut Bidhyalaya dekhi Kori Jane Sadak, Gaindakot | IDO-NAW(BSE)-W-NCB-41-2081/82(re) | 25,27,589.21 | 3000 | 2081-12-03 12:00 PM | 65,000 |
| 4 | Congress chowk dekhi Jayshree Khola Nala Nirman, Gaindakot 4 | IDO-NAW(BSE)-W-NCB-42-2081/82(re) | 25,26,905.98 | 3000 | 2081-12-03 12:00 PM | 65,000 |
| 5 | Faram chautara marga nala nirmanko faram sahait kalopatre, Devchuli 17 | IDO-NAW(BSE)-W-NCB-43-2081/82(re) | 25,29,745.45 | 3000 | 2081-12-03 12:00 PM | 65,000 |
| 6 | Maskipashal-paschim dokkhola sadak Devchuli-9, Nawalpur | IDO-NAW(BSE)-W-SQ-03-2081/82(re) | 12,65,067.09 | 1000 | 2081-12-03 12:00 PM | 33,000 |
| 7 | KumarwartiCampusko Bhawan Marmat Sambhar | IDO-NAW(BSE)-W-SQ-04-2081/82(re) | 16,87,364.16 | 1000 | 2081-12-03 12:00 PM | 43,000 |
| 8 | Kahare- Singhtari- Kalighat-kharsan- Gurutar devisthan keramtar, Boudikalika, Nawalpur | IDO-NAW(BSE)-W-SQ-05-2081/82(re) | 12,64,113.57 | 1000 | 2081-12-03 12:00 PM | 33,000 |
| 9 | Madhyabindu nagarpalikako ward no 6 tadikrishi batobata purbatarfa hudai aalok chakrapath jodne ra bich bata dakxintarfa sama, Madhyabindu 6 | IDO-NAW(BSE)-W-NCB-49-2081/82 | 25,33,455.19 | 3000 | 2081-12-18 12:00 PM | 65,000 |
| 10 | Maitighat shorabishe fat ghaishitharmithu kuramnaramjahre vanjyang sadak, Boudikali 1,5,6 | IDO-NAW(BSE)-W-NCB-50-2081/82 | 42,24,632.88 | 3000 | 2081-12-18 12:00 PM | 1,07,000 |
| 11 | Shanti tole poudel marga starunnati, Kawasoti 3 | IDO-NAW(BSE)-W-NCB-51-2081/82 | 25,29,934.71 | 3000 | 2081-12-18 12:00 PM | 65,000 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:-Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi( BardaghatSusta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# देवस्थल मन्दिरमा महाशिवरात्रिको अवसरमा जलार्पण कार्यक्रम



बुटवल। फाल्गुण कृष्ण चतुर्दशीका दिन मनाइने महाशिवरात्रि पर्व बुधबार देशभर शिवजीको मूर्तिमा पूजा आराधना गरी मनाइएको छ। सोही अवसरमा देशका विभिन्न मठमन्दिरहरुमा दर्शनार्थीहरुको भिड लागेको थियो। यसैबिच बुटवल - ११ योगीकुटीस्थित देवस्थल मन्दिरमा महाशिवरात्रिको अवसरमा बिहानैदेखि दर्शन गर्नेहरुको चहलपहल बढेको थियो।

देवस्थल मन्दिर सञ्चालक समितिका अध्यक्ष अशोक गुरुङले महाशिवरात्रिको सन्ध्याकालीन समयमा महाआरती, ताण्डव नृत्य, भजनकिर्तन र शिव धुन गरी बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयको प्रमुख आतिथ्यतामा र गो-स्वामी योगी सोमराजजी महाराजको विशिष्ट आतिथ्यतामा भव्यरुपमा मनाइयो।

मन्दिर व्यवस्थापन समितिका वरिष्ठ उपाध्यक्ष पुष्पा शर्माले महाशिवरात्रिको महान पर्वमा सबै भक्तजनहरुलाई सहजरुपमा दर्शन गर्ने व्यवस्था भएकोले सबैलाई अवलोकन गर्न आग्रह गरिएको थियो।

खासगरी यस दिन भगवान शिवको आराधना गरी उनको कृपा प्राप्त गर्ने विश्वास लिने भएकाले महाशिवरात्रि पर्वलाई केवल धार्मिक दृष्टिकोणबाट मात्र होइन, बरु साँस्कृतिक र सामाजिक दृष्टिकोणबाट पनि महत्वपूर्ण मानिने मन्दिरका उपाध्यक्ष यदुनाथ पाण्डेले बताए।

त्यस्तैगरी मन्दिर व्यवस्थापन समितिका सचिव तथा कार्यक्रम संयोजक कमल नेपालले नेपालबाट महाभारततर्फ प्रस्थान गर्ने मुख्य द्वारका रुपमा पाँच सय वर्षभन्दा पनि पुरानो मन्दिर रहेको बताए। उनले महाशिवरात्रिका अवसरमा बिहान ४ बजेदेखि मन्दिरमा भक्तजनहरुको घुइँचो लागेको र बिहान १० बजेसम्म ५ हजार श्रद्धालु भक्तजनहरुले दर्शन गरेको बताए।

सह-सचिव रनमाया चापागाईं, सञ्चालक समिति सदस्य एकदेव न्यौपाने, मूल्यांकन समिति संयोजक मणि भण्डारी, व्यवस्थापक लक्ष्मी घिमिरेलगायतको सहभागितामा भव्यरुपमा कार्यक्रम गरी महाशिवरात्रि पर्व मनाइएको थियो।

# चैतन्य एकेडेमीले बाढ्यो निःशुल्क पानी र प्रसाद



बुटवल। बुटवल-११ देवीनगरमा रहेको चैतन्य एकेडेमीले महाशिवरात्रिको अवसरमा निःशुल्क रुपमा जलपान तथा प्रसाद वितरण गरेको छ। बुटवल - ११ योगीकुटीस्थित देवस्थल मन्दिरमा महाशिवरात्रिका अवसरमा एकेडेमीले महाशिवरात्रिको अवसरमा निःशुल्क रुपमा जलपान तथा प्रसाद वितरण गरेको हो।

एकेडेमीले सोही अवसरमा मन्दिर प्राङ्गणमा आएका भक्तजनलाई निःशुल्क रुपमा जलपान तथा प्रसाद वितरण गरेको चैतन्य एकेडेमीका बुटवल शाखा प्रमुख दीपक ढकालले बताए।

काठमाडौंमा विगत दश वर्षदेखि गुणस्तरीय रूपमा विभिन्न सरकारी सेवाका तयारी कक्षा सञ्चालन गर्दै आएको चैतन्य एकेडेमीले बुटवलमा शाखा सञ्चालन गर्दै आएको छ। लोकसेवाका विभिन्न कक्षाहरु सञ्चालन गर्ने गरी सुरु गरिएको चैतन्यको तेस्रो शाखाको बुटवल देवीनगरमा कक्षाहरु सञ्चालन भइरहेका छन्।

ऐकेडेमीमा कार्यालय समयभन्दा अगाडि र पछाडि खरिदार, नासु, शाखा अधिकृत र उपसचिव र बैंकिङलगायत क्षेत्रका तयारी कक्षा सञ्चालन भइरहेको ढकालले जानकारी दिए।

विद्यार्थीले घर आँगनमै गुणस्तरीय शिक्षा प्राप्त गरेर सरकारी सेवामा प्रवेश गर्न सकुन भनेर बुटवल शाखा खोलिएको बुटवल शाखा प्रमुख दीपक ढकालले बताए।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय,

नवलपरासी (बर्दघाट, सुस्तापूर्व)
गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८१ /११/१५)**

यस कार्यालयबाट विभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा httpsM:/bolpatra.gov.np/egp/ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम विभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत् पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Balmiki chakrapath starunati (punarbash marga dekhi surugarni) Devchuli-14, Nawalpur, Contract ID : IDO-NAW(BSE)-W-NCB-28-2081/82(re) | M/S Pabitra Builders and Suppliers, Kawasoti | 28,88,651.21 |
| 2 | Upgrading of different road of Gaidakot Municipality 1,5 & 9, Contract ID : IDO-NAW(BSE)-W-NCB-32-2081/82(re) | M/S Daya Shree Construction, Kathmandu | 42,56,927.21 |
| 3 | Basantapur dekhi kuleni samma sadak starunnati, Devchuli 17, Contract ID : IDO-NAW(BSE)-W-NCB-35-2081/82 | M/S Tarun Construction, Hetauda-02 | 84,38,158.46 |
| 4 | Deudha dekhi kotthar jodni motorbato starunnati, Bulingtar 1, Contract ID : IDO-NAW(BSE)-W-NCB-36-2081/82 | M/S Jal Braha Engineering Firm Pvt. Ltd., Kathmandu | 24,86,031.70 |
| 5 | Upgrading of different road of Kawasoti Municipality 15, 3 &hupsekot 1, Contract ID : IDO-NAW(BSE)-W-NCB-40-2081/82 | M/S Rose Developer, Kathmandu | 86,98,860.69 |
| 6 | Murung pahunag harpas chimpac hkattha sadak starunnati, kawasoti 5, Contract ID : IDO-NAW(BSE)-W-NCB-44-2081/82 | M/S Core Commercial Construction and Suppliers, Kirtipur | 26,25,726.14 |
| 7 | Ram singhchok dekhi kawasoti 13 hegauli jane bato starunnati, kawasoti 7, Contract ID : IDO-NAW(BSE)-W-NCB-45-2081/82 | M/S Core Commercial Construction and Suppliers, Kirtipur | 27,34,344.90 |
| 8 | Samabesi chok dekhi Nilbahadur kogharko chok hudai nabadurga chok samma jane bato starunnati, kawasoti-9, Contract ID : IDO-NAW(BSE)-W-NCB-46-2081/82 | M/S Core Commercial Construction and Suppliers, Kirtipur | 44,10,863.86 |
| 10 | Rajahar Baharakol Sadak, Devchuli 17, Contract ID : IDO-NAW(BSE)-W-NCB-47-2081/82 | M/S Parasi Nirman Sewa Pvt. Ltd, Devchuli 13 | 25,80,939.21 |

**कार्यालय प्रमुख**










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com